श्री

# डडेल्धुरा जिल्ला अदालत

अमरगढी नगरपालिका-५, डडेल्धुरा
फोन:-०९६-४२०४८३
info.dcdadeldhura@supremecourt.gov.np
admin.dcdadeldhura@supremecourt.gov.np
mudda.dcdadeldhura@supremecourt.gov.np

पत्र संख्या: ०८२/८३
च.नं.-

डडेल्धुरा जिल्ला अदालत
डडेल्धुरा
२०२१

मिति: २०८२/०४/२८

विषय: - समाजसेवी तथा बाल मनोविज्ञको रूपमा सूचीकृत हुने सम्बन्धी सूचना।

उपरोक्त सम्बन्धमा यस अदालतको बाल इजलासमा सहभागी हुने समाजसेवी र बाल मनोविज्ञको बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को परिच्छेद ३ को नियम १५ बमोजिम नियुक्तिका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गर्ने गरी भएको यस अदालतको मिति २०८२/०२/२७ गतेको निर्णयानुसार ऐ. को नियम १३, १४ र १५ बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लिखित कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र समाजसेवी र बाल मनोविज्ञको रूपमा सूचीकृत हुनका लागि आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. बालमनोविज्ञका रूपमा सूचीकृत हुनका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
३. समाजसेवीका रूपमा सूचीकृत हुनका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि।

२०८२।४।२८
..............
पुष्पराज जोशी
नि. सेस्तेदार